जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
गण्डकी प्रदेश, नेपाल

फोन नं. ०६८-४२११००, ४२११०१
इमेल:jaiminimun@gmail.com
वेभसाइट:jaiminimun.gov.np

प स: ०८०।०८१
च नं: ६६६

मितिः २०८०।१०।०७

विषयः पटके व्यवसाय कर र कवाडी मालसामान संकलनको प्रस्ताब पेश गर्ने सम्बन्धी १५ दिने सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०८०।१०।०७

आ. व. २०८०।०८१ को लागि जैमिनी नगरपलिका क्षेत्रभित्रका बिभिन्न गाउँहरुबाट अन्यत्र बेचबिखन गर्न लगिने भैंसी, राँगा, खसी, बोका लगायत यस पालिकाभरिका सवारी साधनहरुको अभिलेखीकरण कर, अन्यत्रबाट स-साना व्यवसाय लिई यस पालिकाका बिभिन्न वडामा पुगी घुम्ती ब्यबसाय गर्ने व्यवसायको अभिलेखीकरण शुल्क र यस पालिकाभित्रका उद्योग कलकारखाना,व्यवसाय, पसल/फर्म आदिबाट निस्कने कवाडी मालसामानहरु र प्रचलित कानून बमोजिम निषेधित गरिएका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुहरुको हाड, सिंग, प्वाँख, छाला, वा यस्तै प्रकृतिको मालसामानहरु व्यवसायिक उपयोग गरे बापत बिक्री वितरण तथा उपयोगमा लाग्ने कर संकलनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिमको कवाडी मालसामानहरु र जैमिनी नगरपलिकाको आर्थिक ऐन, २०८० मा उल्लेख गरे बमोजिमको पटके व्यवसायको देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यस नगरपालिकाले तोकेको सर्तहरुको अधिनमा रही इच्छुक व्यवसायी, फर्म तथा व्यक्तिहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी कर (शुल्क) संकलन गर्नको लागि तपशिल बमोजिमको कागजातपत्रहरु पेश गरी तोकिएको म्याद भित्रमा रीतपुर्वक पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| क्र.सं. | किसिम | कर तथा मर्मत शुल्क संकलन क्षेत्र | न्युनतम मुल्य रु. |
|---|---|---|---|
| १. | कवाडी मालसामान तथा अन्य मृत वा मारिएका जीवजन्तुहरुको हाड, सिंग, प्वाँख, छाला बिक्री वितरण तथा उपयोगमा लाग्ने कर संकलन | कुस्मीसेरा बजारक्षेत्र लगायत नगरपालिकाको सम्पूर्ण क्षेत्रभित्र | ५०,०००।- |

२०८०/१०/०७
हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
फोन नं. ०६८-४२११००, ४२११०१
इमेल:jaiminimun@gmail.com
वेभसाइट:jaiminimun.gov.np
गण्डकी प्रदेश, नेपाल

प स: ०८०।०८१
च नं: ६६६

| | | | |
|---|---|---|---|
| २. | पटके व्यवसाय, सवारी साधन अभिलेखीकरण शुल्क | जैमिनी नगरपालिकाका बिभिन्न सडक नाका लगायत नगरपालिकाको सम्पूर्ण क्षेत्रभित्र | १,६३,०००।- |

आवश्यक कागजातहरु:

१। निवेदन
२। नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
३। संस्थाको हकमा संस्था दर्ताको प्रमाणपत्र
४। कर चुक्ताको प्रमाणपत्र
५। प्यान नं. को प्रतिलिपी

२०८०।१०।०६

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०६८-४२११००, ४२११०१
इमेल: jaiminimun@gmail.com
वेभसाइट: jaiminimun.gov.np

# जैमिनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ

गण्डकी प्रदेश, नेपाल

प स: ०८०।०८१
च नं: ६६६

सर्तहरुः

१. पटके व्यवसाय अन्तर्गत यस नगरपालिका क्षेत्रभित्र बिक्री वितरणको लागि ल्याउने, नगरपालिकाबाट बाहिर लैजाने र घुम्ति पसल राख्ने कारोबारमा नगरपालिकाको आर्थिक ऐनले तोकेका क्षेत्र र दरले पटके व्यवसाय कर संकलन गर्नुपर्नेछ ।

२. सवारी साधन अभिलेखीकरण शुल्क अन्तर्गत नगरपालिकाको आर्थिक ऐनमा तोकिएका सवारी साधनका किसिम र स्वीकृत दरको आधारमा शुल्क संकलन गर्नुपर्नेछ ।

३. कवाडी कर अन्तर्गत कवाडी मालसामान तथा अन्य मृत वा मारिएका जीवजन्तुहरुको हाड, सिंग, प्वाँख, छाला बिक्री वितरण तथा उपयोगमा लाग्ने रकम मात्र संकलन गर्नुपर्नेछ ।

४. नियमानुसार लाग्ने कर व्यक्ति,ठेकदार/फर्म वा संस्थाले बुझाउनुपर्नेछ ।

५. प्रस्ताव पेश गर्ने दिन सार्वजनिक बिदा परेमा भोलिपल्ट कार्यालय खुलेको दिनको १२ बजेसम्म पेश गर्न सकिनेछ र सोही दिनको ५.०० बजे यस कार्यालयमा प्रतिनिधीको रोहबरमा दरभाउपत्र खोलिनेछ । प्रतिनिधी उपस्थित नभएमा पनि प्रस्तावपत्र खोल्न बाधा पर्ने छैन।

६. सम्झौता अवधि २०८१ असार मसान्तसम्म हुनेछ ।

७. कवाडी मालसामानको न्यूनतम मूल्य रु. ५०००० (अक्षरुपी एक लाख पचास हजार) मात्र रहेको छ भने पटके व्यवसाय र सवारी साधन अभिलेखीकरण शुल्कको न्यूनतम मूल्य रु. १,६३,०००।- मात्र रहेको छ ।

८. प्रस्ताव स्वीकृत गर्ने, नगर्ने अधिकार नगरपालिकामा हुनेछ ।

९. अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

२०८०/१०/०८

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत